# माछापुच्छ्रे बैंक लिमिटेडको
# अट्ठाइसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

## १. वैधानिक सभा :

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०८३/०६/०२ गते बसेको सञ्चालक समितिको ५६५ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकको अट्ठाइसौं वार्षिक साधारण सभा बैंकका सञ्चालक समितिका अध्यक्ष श्री रोशन के.सी.ज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

## २. सभाको मिति, समय र स्थान :

**मिति** : २०८३ साल असोज २८ गते (तदनुसार १४ अक्टोबर, २०२६) बुधबार ।
**समय** : बिहान ११:०० बजे ।
**स्थान** : होटल पोखरा ग्राण्ड, पार्दी, पोखरा, कास्की ।

## ३. उपस्थिति :

### सञ्चालकहरुको उपस्थिति :

(क) श्री रोशन के.सी. - अध्यक्ष
(ख) श्री मुकुन्द महत - सञ्चालक/लेखापरीक्षण समितिका संयोजक
(ग) श्री विश्व प्रकाश गौतम - सञ्चालक
(घ) श्री सुनिल नारायण श्रेष्ठ - सञ्चालक
(ङ) श्री मनिषा भण्डारी - सञ्चालक
(च) श्री अर्जुन कुमार गौतम - सञ्चालक

### व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :

(क) श्री सन्तोष कोईराला - प्रमुख कार्यकारी अधिकृत
(ख) श्री प्रशिद्ध राज अर्याल - वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत
(ग) श्री विश्वम्भर न्यौपाने - नायव प्रमुख कार्यकारी अधिकृत
(घ) श्री सुभाष जमरकटेल - नायव प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
(ङ) श्री कल्याण बिक्रम पाँडे - नायव प्रमुख कार्यकारी अधिकृत
(च) श्री सुरेन्द्र पाठक - प्रमुख, वित्त तथा योजना विभाग
(छ) श्री माधव ज्ञवाली - प्रमुख, आन्तरिक लेखापरीक्षण विभाग

### आमन्त्रितहरूको उपस्थिति :

(क) श्री अशेष राजवाहक - जी.पी.राजवाहक एण्ड कम्पनी चार्टर्ड एकाउण्टेण्ट्स, लेखापरीक्षक
(ख) श्री प्रभात भण्डारी - निर्वाचन अधिकृत
(ग) श्री गोविन्द श्रेष्ठ - लिगल सर्भिस एसोशिएट्स प्रा.लि., कानूनी सल्लाहकार

Machhapuchchhre Bank Ltd. Head Office

**शेयरधनीहरुको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| (क) | स्वयं उपस्थित | - | ४०६ जना |
| (ख) | प्रतिनिधिपत्रद्वारा उपस्थित | - | २०७ जना |
| | **जम्मा उपस्थिती** | - | **६१३ जना** |

## ४. सभाको सूचना :

बैंकको अट्ठाइसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन, आ.व. २०८२/८३ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरिने विषयहरु शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै संक्षिप्त आर्थिक विवरण सहितको वार्षिक साधारण सभाको सूचना मिति २०८३ असोज ३ गतेको अन्नपूर्ण पोस्ट् राष्ट्रिय दैनिक पत्रिकामा र असोज १९ गतेको आर्थिक अभियान पत्रिकामा प्रकाशित गरिएको थियो भने पोखराबाट प्रकाशित हुने आदर्श समाज र समाधान राष्ट्रिय दैनिकमा सोहि मिति अर्थात असोज १९ गते प्रकाशित गर्नुका साथै बैंकको वेबसाईट www.machbank.com मा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो। साथै, साधारण सभाको सूचना उपलब्ध भएसम्म शेयरधनीहरुको सम्पर्क मोबाइल नम्बरमा एस.एम.एस. मार्फत तथा साधारण सभाको सूचना र सञ्चालक समितिको प्रतिवेदन सहितको विस्तृत वार्षिक प्रतिवेदन उपलब्ध भएसम्म शेयरधनीहरुको इमेल ठेगानामा समेत पठाइएको थियो।

## ५. सभामा पेश भएका छलफलका विषयहरु :

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको २८ औं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको २०८३ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८२/८३ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने।

३. यस बैंकको सहायक कम्पनीहरु "माछापुच्छ्रे क्यापिटल लिमिटेड" र "माछापुच्छ्रे सेक्युरिटिज लिमिटेड" को आर्थिक वर्ष २०८२/८३ को वित्तीय विवरणहरु सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statements) छलफल गरी पारित गर्ने।

४. कम्पनी ऐन २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिको सिफारिसमा आर्थिक वर्ष २०८३/८४ को लागि बाह्य लेखापरीक्षक नियुक्ती गर्ने र नियुक्तीका शर्त तथा पारिश्रमिक निर्धारण गर्ने।

५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ आषाढ मसान्तमा कायम रहेको बैंकको वितरणयोग्य मुनाफा रकमबाट बैंकका अग्राधिकार शेयरधनीहरुलाई अविमोच्य असञ्चिति अग्राधिकार शेयर पूँजी रु. ३,००,००,००,०००/- को ८.२५ प्रतिशतका दरले शेयर बाँडफाँड



Machhapuchchhre Bank Ltd. Head Office

भएको मितिबाट २०८३ आषाढ मसान्तसम्मको समानुपातिक रुपमा हुन आउने रकम रु. ७,४५,८९,०४१/- नगद लाभांश (कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

६. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ आषाढ मसान्तमा कायम रहेको बैंकको वितरणयोग्य मुनाफा रकमबाट बैंकका साधारण शेयरधनीहरुलाई २०८३ आषाढ मसान्तमा कायम रहेको साधारण शेयर पूँजी रु. १२,०८,६२,११,५६४/- को ३ प्रतिशतका दरले हुन आउने रकम रु. ३६,२५,८६,३४७/- नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।

७. मिति २०८२/११/०८ गते बसेको सञ्चालक समितिको ५४८ औं बैठकबाट कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंकको नियमावलीको अधिनमा रही बैंकमा रिक्त रहेको स्वतन्त्र सञ्चालक पदमा ४ (चार) वर्षका लागि श्री अर्जुन कुमार गौतमलाई नियुक्ती गरिएको व्यहोरा जानकारी गर्ने ।

८. संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरु र सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको (बाँकी कार्यकालको लागि) निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ आषाढ मसान्तमा कायम रहेको बैंकको वितरणयोग्य मुनाफा तथा शेयर प्रिमियम हिसाबमा रहेको रकमबाट बैंकका साधारण शेयरधनीहरुलाई २०८३ आषाढ मसान्तमा कायम रहेको साधारण शेयर पूँजी रु. १२,०८,६२,११,५६४/- को ३ प्रतिशतका दरले हुन आउने रकम रु. ३६,२५,८६,३४७/- बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा सोही हदसम्म बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्रको सम्बन्धित दफाहरु संशोधन गर्ने ।

२. सञ्चालक समितिको बैठक सम्बन्धी बैंकको नियमावलीको नियम १०(७) र १०(८) मा आवश्यक संशोधन गर्ने, साथै सञ्चालकहरुको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी नियम २९(१)(ग)(अ)(ङ), २९(१)(ङ) र २९(१)(च) का विद्यमान व्यवस्थाहरु हटाउने ।

३. विशेष प्रस्ताव अनुसार प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध :**

## ६. गणपुरक संख्या, सभाको बैधानिकता :

| कुल शेयरधनीको संख्या | जम्मा उपस्थित शेयरधनी संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्धारा) | जम्मा शेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| ५४,५४६ (क र ख समुह) | ६१३ (स्वयं ४०६ जना र प्रतिनिधिपत्रद्धारा २०७ जना) | ७,६७,७४,१६० | ६३.५२% |



Machhapuchchhre Bank Ltd. Head Office

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम शेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा पचास प्रतिशतभन्दा बढी अर्थात ६३.५२% प्रतिशत शेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा शेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

## ७. सभाको सभापतित्व र सभा संचालन :

साधारण सभाको अध्यक्षता/सभापतित्व गरिदिन कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम १ अनुरुप सञ्चालक समितिका अध्यक्ष श्री रोशन के.सी.ज्यूलाई अनुरोध गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापतिज्यूको अनुमतीले वार्षिक साधारण सभाको काम कारवाही अगाडी बढ्यो ।

## ८. सञ्चालक श्री विश्व प्रकाश गौतमज्यूबाट स्वागत मन्तव्य :

बैंकका सञ्चालक श्री विश्व प्रकाश गौतमज्यूले बैंकको अठ्ठाइसौं वर्षको गौरवशाली यात्रालाई स्मरण गर्दै, त्यस यात्रामा योगदान पुऱ्याउने अग्रजहरुप्रति कृतज्ञता व्यक्त गरी यस अठ्ठाइसौं वार्षिक साधारण सभामा पाल्नुहुने सम्पूर्णलाई हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्नु भयो ।

माछापुच्छ्रे बैंकको स्थापनाको परिकल्पना गरी संस्थाको उचाईलाई यहाँसम्म पुऱ्याउन सफल आदरणीय संस्थापक स्वर्गीय सूर्यबहादुर के.सी.ज्यू प्रति हृदयदेखि नै श्रद्धासुमन अर्पण गर्नु भयो । उहाँको सोच, साहस, उद्यमशीलता र बैंकप्रतिको समर्पणले रोपेको विश्वासको बीउ आज एउटा स्थापित वाणिज्य बैंकका रूपमा यहाँ सम्म आइपुगेको उल्लेख गर्नु भयो । बैंकको स्थापनादेखि आजसम्म प्रत्यक्ष तथा परोक्ष रूपमा योगदान पुऱ्याउनुहुने संस्थापक, शेयरधनी, पूर्व सञ्चालक, कर्मचारी, सेवाग्राही, नियामक निकाय तथा शुभेच्छुकहरूप्रति हार्दिक आभार व्यक्त गर्नु भयो । बैंकको स्थापना र विकाससँग जोडिएको सुन्दर नगरी पोखरामा आयोजित अठ्ठाइसौं वार्षिक साधारण सभाले हाम्रो संस्थागत इतिहास, गौरव र भविष्यप्रतिको विश्वासलाई थप सुदृढ बनाएको अनुभूति व्यक्त गर्नु भयो । आर्थिक वर्ष २०८३/८४ को दोस्रो महिनामै रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढी तथा पहिरोले पुऱ्याएको जनधनको क्षतिले हामी सबैलाई मर्माहत बनाएको र यस विपत्तिमा माछापुच्छ्रे बैंकको टिमुरे शाखामा कार्यरत पाँच जना सहकर्मीहरू हालसम्म सम्पर्क विहीन रहनुभएको दुःखद अवस्थाले सम्पूर्ण बैंक परिवारलाई असह्य पीडा दिएको बताउनु भयो । यस गरिमामय सभामा उपस्थित भइरहँदा पनि ती सहकर्मीहरू र उहाँहरूका परिवारको पीडा हाम्रो मन-मस्तिष्कमा उत्तिकै गहिरोसँग रहेको तथा उहाँहरूका परिवारजनले भोगिरहनुभएको अनिश्चितता, प्रतीक्षा र मानसिक तनावप्रति यस सभाको तर्फबाट गहिरो सहानुभूति तथा ऐक्यबद्धता प्रकट गर्नु भयो । माछापुच्छ्रे बैंकले २८ वर्षको यात्रा पूरा गर्दै नेपाली बैंकिङ क्षेत्रमा आफ्नो छुट्टै पहिचान स्थापित गरी बदलिँदो आर्थिक परिवेश, प्रतिस्पर्धात्मक बैंकिङ्ग बजार, प्रविधिमा भइरहेको तीव्र विकास र ग्राहकका बढ्दो अपेक्षाबीच आफ्नो उपस्थिति सुदृढ बनाउँदै अगाडि बढ्नु आफैंमा महत्वपूर्ण उपलब्धि रहेको विचार व्यक्त गर्नु भयो । प्रविधिमैत्री बैंकिङ्ग, ग्राहकमैत्री सेवा, डिजिटल वित्तीय पहुँच, वित्तीय अनुशासन तथा संस्थागत सुशासनलाई प्राथमिकतामा राख्दै आएको बताउनु भयो । ग्राहकको समय, आवश्यकता र अपेक्षाको सम्मान गर्दै सरल, सुरक्षित, छिटो र विश्वसनीय सेवा प्रदान गर्नु बैंकको प्रमुख



Machhapuchchhre Bank Ltd. Head Office

उद्देश्य रहेको उल्लेख गर्नु भयो । हालको अवस्थामा अवसर र चुनौती दुवै एकसाथ उपस्थित रहेको आर्थिक परिवेशमा छौं र बाह्य आर्थिक अनिश्चितता, भूराजनीतिक तनाव, जलवायुजन्य विपद् र आन्तरिक संरचनात्मक समस्याले बैंकिङ क्षेत्रको जोखिम व्यवस्थापनलाई थप जटिल बनाएको बताउनु भयो । यी विविध चुनौतीका बाबजुद बैंकले गत आर्थिक वर्षको मुनाफाबाट आफ्ना शेयरधनीहरूलाई ६ प्रतिशत लाभांश वितरण गर्न सकेकोमा सञ्चालक समितिको तर्फबाट सन्तोष व्यक्त गर्नु भयो । वार्षिक साधारण सभा बैंकको संस्थागत पारदर्शिता र शेयरधनीको अधिकार अभिव्यक्त हुने सर्वोच्च महत्वको मञ्च रहेको तथ्यलाई सभा समक्ष अवगत गराउनुभयो । सभामा प्रस्तुत हुने साधारण तथा विशेष प्रस्तावहरू बैंकको आगामी दिशा, प्राथमिकता र संस्थागत यात्रासँग सम्बन्धित रहने हुँदा यहाँहरूका सुझाव, प्रश्न र रचनात्मक आलोचनाले बैंकलाई अझ उत्तरदायी, प्रभावकारी र प्रतिस्पर्धी बनाउन महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नु भयो ।

यस गरिमामय सभामा उपस्थित हुनुभएका शेयरधनी महानुभावहरुबाट प्राप्त हुने अमुल्य सुझाव तथा मार्गदर्शनहरुले बैंकको आगामी रणनीति तथा कार्यदिशा तय गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुंदा शेयरधनी महानुभावहरूलाई आफ्ना अमुल्य सुझाव तथा मार्गदर्शनहरु प्रदान गरी दिन हार्दिक अनुरोध गर्नुभयो । बैंकको विकास र सफलतामा योगदान पुऱ्याउनुहुने सम्पूर्ण संस्थापक, पूर्व सञ्चालक, नियामक निकाय, व्यवस्थापन, कर्मचारी, ग्राहक तथा शुभेच्छुकहरूप्रति पुनः धन्यवाद व्यक्त गर्नु भयो । यसै विश्वासका साथ, अट्ठाइसौं वार्षिक साधारण सभाको पूर्ण सफलताको कामना गर्दै, उपस्थित सम्पूर्ण महानुभावहरूलाई पुनः हार्दिक स्वागत गर्नु भयो ।

## ९. सभाका सभापतिज्यूबाट मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती :

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति श्री रोशन के.सी.ले आफ्नो मन्तव्य सहित बैंकको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको बैंकको २०८३ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८२/८३ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरण, सम्बन्धित अनुसूचीहरु लगायत सभामा छलफलका लागि पेश भएका सामान्य र विशेष प्रस्तावको विषयहरु सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।

## १०. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरु उपर भएको छलफल :

छलफलमा भाग लिने क्रममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

**(क) श्री कमल प्रसाद न्यौपाने**

१. बैंकको वार्षिक प्रतिवेदनको समिक्षा गर्दा त्यसको तयारीमा बैंकले गरेको अथक परिश्रम, लगनशीलता प्रशंसनीय रहेको उल्लेख गर्नुभएको । साथै, प्रतिवेदनको गुणस्तर, विषयवस्तुको प्रस्तुति तथा तथ्याङ्कको व्यवस्थित अभिलेखीकरणमा देखिएको उत्कृष्ट प्रयासको उच्च प्रशंसा गर्नुभएको ।

२. नेपालीहरूको महान चाड विजयादशमीले सम्पूर्ण नेपालीमा हर्षोल्लास, उमङ्ग, उत्साह र खुसी आदान प्रदान गर्नुपर्ने भए तापनि हालैका दुखद प्राकृतिक प्रकोप तथा सवारी दुर्घटनाका घटनाका कारण अपेक्षित उल्लासमय वातावरण देखिन नसकेको धारणा व्यक्त गर्नुभएको । साथै, उक्त



Machhapuchchhre Bank Ltd. Head Office

दुर्घटनामा घाइते हुनुभएकाहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै दिवङ्गत आत्माहरूको चिरशान्तिको कामनासहित शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्नुभएको ।

३. बैंकको वार्षिक प्रतिवेदनमा रसुवामा गएको बाढीका कारण हालसम्म बैंकका पाँच जना कर्मचारी बेपत्ता रहेको व्यहोरा उल्लेख भएको विषयप्रति ध्यानाकर्षण गराउँदै उहाँहरूको सकुशल खोज तथा उद्धार भई परिवारजनसँग पुनर्मिलन हुन सकोस् भन्ने कामना व्यक्त गर्नुभएको ।

४. बैंकले उच्चस्तरीय संस्थागत सुशासन कायम राख्न सफल भएको आफूहरूले अनुभव गरेको उल्लेख गर्नुभएको । बैंकले सुशासनका क्षेत्रमा कायम राखेको यस स्तरलाई आगामी दिनहरूमा समेत निरन्तरता दिँदै थप सुदृढ, विश्वसनीय र उत्तरदायी संस्थाका रूपमा स्थापित हुनुपर्ने अपेक्षा व्यक्त गर्नुभएको ।

५. विजयादशमीको पूर्वसन्ध्यामा साधारण सभा आयोजना गरी लाभांश वितरण गर्ने निर्णयमार्फत शेयरधनीहरूलाई आर्थिक राहत तथा चाडपर्वको समयमा थप उत्साह प्रदान गर्ने उद्देश्य राखेकोमा बैंक व्यवस्थापनप्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्नुभएको ।

६. बैंकले आफ्ना शेयरधनीहरूलाई उचित लाभांश प्रदान गरेकोमा खुसी व्यक्त गर्दै आगामी दिनहरूमा समेत बैंकको वित्तीय कार्यसम्पादनमा थप सुधार भई शेयरधनीहरूले प्राप्त गर्ने प्रतिफलमा अझ वृद्धि हुने अपेक्षा व्यक्त गर्नुभएको ।

७. संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गर्ने सन्दर्भमा बैंक अग्रणी स्थानमा रहेको उल्लेख गर्दै वातावरणीय प्रदूषण न्यूनीकरण लगायत विभिन्न सामाजिक तथा सामुदायिक गतिविधिहरूमा सरोकारवालाहरूसँग हातेमालो गर्दै सक्रिय एवं प्रशंसनीय भूमिका निर्वाह गरिरहेको धारणा व्यक्त गर्नुभएको ।

८. शेयरधनीहरूलाई वितरण गर्न बाँकी रहेको लाभांश रकमको अवस्थाबारे प्रमुख कार्यकारी अधिकृतज्यूबाट स्पष्ट जानकारी उपलब्ध गराउन आग्रह गर्नुभएको ।

**(ख) श्री संकल्प ढकाल**

१. बैंकले वार्षिक साधारण सभा निर्धारित समयमै सम्पन्न गर्नुका साथै समयमै लाभांश घोषणा गर्ने गरेकोमा प्रसन्नता व्यक्त गर्दै आगामी दिनहरूमा समेत यसप्रकारको प्रतिबद्धता र कुशल नेतृत्वको निरन्तरताका लागि शुभकामना व्यक्त गर्नुभएको ।

२. बैंकको वार्षिक प्रतिवेदनमा उल्लिखित वित्तीय विवरणहरूको अवलोकन गर्दा कुल सम्पत्ति, खुद ब्याज आम्दानी तथा खुद नाफामा वृद्धि हुँदै गएको देखिनु सकारात्मक रहेको धारणा व्यक्त गर्नुभएको ।

३. बैंकको वार्षिक प्रतिवेदनको वित्तीय झलक खण्डमा निष्क्रिय कर्जा तथा लाभांशको विवरण समेत समावेश गर्न उपयुक्त हुने धारणा व्यक्त गर्नुभएको ।

४. अन्य वित्तीय सूचकहरू सकारात्मक रहेतापनि ROA तथा ROE अपेक्षाकृत न्यून रहेको औंल्याउँदै उक्त सूचकहरूमा सुधार ल्याउनको लागि आवश्यक रणनीति अवलम्बन गर्न बैंक व्यवस्थापनलाई सुझाव दिनुभएको ।



Machhapuchchhre Bank Ltd. Head Office

५. वर्तमान समयमा बैंक तथा वित्तीय संस्थाहरूले सामना गरिरहेको प्रमुख चुनौतीका रूपमा निष्क्रिय कर्जा रहेको उल्लेख गर्दै यस बैंकको निष्क्रिय कर्जासमेत बढ्दो क्रममा देखिएको विषयमा चासो व्यक्त गर्नुभएको ।

६. बैंकको बढ्दो Impairment Charge प्रति व्यवस्थापनको ध्यानाकर्षण गराउँदै उक्त खर्च नियन्त्रण तथा न्यूनीकरणका लागि आवश्यक सुधारात्मक कदम चाल्नुपर्ने धारणा व्यक्त गर्नुभएको ।

**(ग) श्री श्रीराम गौतम**

१. बैंकमा आबद्ध व्यक्तित्वहरूको कुशल नेतृत्व, योगदान तथा समर्पणले बैंकलाई वर्तमान अवस्थामा पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको धारणा व्यक्त गर्नुभएको ।

२. विगत एक दशकको अवधिमा नेपालले विभिन्न प्राकृतिक तथा दैवी विपत्तिहरूको सामना गर्दै आएको र यसबाट बैंक तथा वित्तीय संस्था समेत प्रभावित भई थप चुनौतीहरू सिर्जना भएको उल्लेख गर्नुभएको । हालै रसुवामा गएको बाढीका कारण ज्यान गुमाउनुहुनेहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै विपद् व्यवस्थापन तथा राहतका लागि नेपाल सरकारलाई बैंकले आर्थिक सहयोग प्रदान गरेकोमा बैंकप्रति आभार व्यक्त गर्नुभएको ।

३. बैंकको वार्षिक प्रतिवेदन समयमै उपलब्ध गराइएकोमा धन्यवाद व्यक्त गर्दै प्रतिवेदन स्पष्ट, सरल तथा सबैले सहजै बुझ्न सक्ने गरी तयार गरिएकोमा प्रशंसा गर्नुभएको ।

४. बैंकले आफ्नो वार्षिक प्रतिवेदनमा पाँच वर्षको तुलनात्मक वित्तीय सूचकहरू समावेश गरिएकोमा आभार व्यक्त गर्नुभएको ।

५. AI को बढ्दो प्रयोगलाई आत्मसात् गर्दै बैंकलाई समयसापेक्ष, प्रविधिमैत्री तथा प्रतिस्पर्धी बनाउनुपर्नेमा जोड दिनुभएको । साथै, AI को प्रभावकारी उपयोगबाट प्राप्त हुन सक्ने अवसरहरू तथा यससँग सम्बन्धित सम्भावित जोखिम र चुनौतीहरूलाई समेत मध्यनजर गरी आवश्यक रणनीति अवलम्बन गर्न बैंक व्यवस्थापनको ध्यानाकर्षण गराउनुभएको ।

६. बैंकले डिजिटल बैंकिङ क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको उल्लेख गर्दै आगामी दिनहरूमा समेत नवीनतम प्रविधिको अवलम्बनमार्फत डिजिटल बैंकिङ सेवालाई थप सुरक्षित, सरल तथा प्रभावकारी बनाउँदै लैजानुपर्ने धारणा व्यक्त गर्नुभएको ।

७. बैंकका शाखा संख्या घट्दै गएको तर कर्मचारी संख्या वृद्धि भएको देखिएको विषयमा जिज्ञासा व्यक्त गर्दै यस सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतबाट स्पष्ट पार्न आग्रह गर्नुभएको ।

**(घ) श्री मेघनाथ कुँवर**

१. बैंकको समग्र वित्तीय अवस्था, कार्यसम्पादन तथा भावी रणनीतिबारे शेयरधनीहरू सचेत रहनुपर्ने आवश्यकता माथि जोड दिँदै बैंकका गतिविधिहरूको नियमित अध्ययन तथा निगरानी गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको ।

२. धितोपत्र बजारको उतारचढाव तथा नेप्सेको गतिविधिप्रति शेयरधनीहरू सजग र सचेत रहनुपर्ने धारणा व्यक्त गर्नुभएको ।



Machhapuchchhre Bank Ltd. Head Office

३. शेयरधनीहरूले आफ्नो लगानीबाट उचित प्रतिफलको अपेक्षा राख्ने उल्लेख गर्दै बैंकले वित्तीय कार्यसम्पादनमा सुधार, लाभांश क्षमता अभिवृद्धि तथा लगानीकर्ताको विश्वास सुदृढीकरण मार्फत शेयर मूल्यमा सकारात्मक वृद्धि हुने वातावरण निर्माण गर्न आवश्यक पहल गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको ।

४. बैंकले विद्यमान चुनौतीहरूको पहिचान गरी उक्त चुनौतीहरूको प्रभावकारी समाधानका लागि स्पष्ट रणनीति अवलम्बन गर्दै आगामी दिनहरूमा शेयरधनी, व्यवस्थापन तथा सम्पूर्ण सरोकारवालाहरूबीच आपसी सहकार्य र हातेमालोमार्फत बैंकको दिगो विकास एवं प्रगति सुनिश्चित गर्नुपर्ने विचार व्यक्त गर्नुभएको ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभापतिज्यूको अनुमतीले प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कोइरालाज्यूले दिनु भएको प्रत्युत्तर :**

शेयरधनी महानुभावहरुले अत्यन्तै रचनात्मक एवं महत्वपूर्ण सुझाव तथा सल्लाह दिनुभएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै शेयरधनी महानुभावहरुद्धारा व्यक्त जिज्ञासाहरुको सम्बन्ध निम्न बमोजिम स्पष्ट पार्नुभयो ।

१. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत बैंकले भोटेकोशी बाढीपीडितहरूको सहयोगार्थ नेपाल सरकारलाई रु. २ करोड १ लाख आर्थिक सहयोग प्रदान गरेको जानकारी गराउँदै बैंक सामाजिक उत्तरदायित्व निर्वाह गर्ने कार्यमा सदैव अग्रसर रहँदै आएको उल्लेख गर्नुभएको ।

२. शेयरधनीहरूलाई वितरण गर्न बाँकी रहेको लाभांश रकम लिन सम्बन्धित शेयरधनीहरू नआएको जानकारी गराउँदै बैंकले पटक-पटक लाभांश लिन अनुरोध गर्नुका साथै समय-समयमा आवश्यक सूचनासमेत प्रकाशित गर्दै आएको उल्लेख गर्नुभएको । साथै, बाँकी लाभांश वितरणसम्बन्धी प्रक्रिया बैंकले अगाडि बढिरहेको जानकारी गराउनुभएको ।

३. बैंकको इक्विटीमा गरिएको लगानीबाट आगामी दिनमा राम्रो प्रतिफल प्राप्त हुने अपेक्षा राखिएको उल्लेख गर्दै बैंकले समेत आफ्ना शेयरधनीहरूलाई उचित तथा आकर्षक लाभांश प्रदान गर्ने विश्वास व्यक्त गर्नुभएको ।

४. वार्षिक साधारण सभा समयमै सम्पन्न गर्नु बैंकको सुशासन, संस्थागत अनुशासन तथा पारदर्शिताको उत्कृष्ट नमुना रहेको धारणा व्यक्त गर्नुभएको ।

५. वार्षिक प्रतिवेदनमा लाभांश तथा निष्क्रिय कर्जाको विगतको प्रवृत्ति चित्रात्मक (Graphical) रूपमा प्रस्तुत गर्ने सुझावप्रति सहमति जनाउँदै आगामी दिनमा उक्त सुझावलाई कार्यान्वयन गर्ने विषयमा आवश्यक पहल गरिने जानकारी गराउनुभएको ।

६. निष्क्रिय कर्जाको बढ्दो अवस्थालाई मध्यनजर गर्दै यसको प्रभावकारी व्यवस्थापन, कर्जा असुली तथा न्यूनीकरणका लागि आगामी दिनमा थप ध्यान दिई आवश्यक रणनीतिहरू अवलम्बन गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको ।

७. बैंकको शाखा संख्या नबढेतापनि उल्लेख्य रुपमा व्यवसाय विस्तार भएकाले विस्तारित व्यवसायको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि थप कर्मचारी आवश्यक परेको स्पष्ट पार्नुभएको ।



Machhapuchchhre Bank Ltd. Head Office

८. आगामी वर्ष बैंकले शेयरधनीलाई उचित प्रतिफल दिने प्रतिबद्धता जनाउँदै सबैलाई हार्दिक नमन गरी धन्यबाद ज्ञापन गर्नुभयो ।

## ११. सभाको निर्णय :

**(क) सामान्य प्रस्ताव :**

१. प्रस्ताव नं. १ बमोजिम आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको २८ औं वार्षिक प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. प्रस्ताव नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित बैंकको २०८३ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८२/८३ को नाफा नोक्सान विवरण, अन्य विस्तृत आय विवरण, नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरुलाई पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

३. प्रस्ताव नं. ३ बमोजिम यस बैंकको सहायक कम्पनीहरु "माछापुच्छ्रे क्यापिटल लिमिटेड" र "माछापुच्छ्रे सेक्युरिटिज लिमिटेड" को आर्थिक वर्ष २०८२/८३ को वित्तीय विवरणहरु सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statements) पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

४. प्रस्ताव नं. ४ बमोजिम सभापतीज्यूको अनुमतिले आर्थिक वर्ष २०८३/८४ को लागि बैंकको लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गर्ने सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ बमोजिम बैंकको लेखापरीक्षण समितिले सिफारिस गरेको तीन वटा लेखापरीक्षण फर्महरु SAR Associates, B.K. Agrawal & Co. र PKF T. R. Upadhya & Co. मध्येबाट कुनै एक फर्मलाई आर्थिक वर्ष २०८३/८४ को लागि लेखापरीक्षण, कर लेखापरीक्षण, Long Form Audit Report (LFAR) तयारी, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन प्रमाणीकरण, संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन प्रमाणीकरण लगायत बाह्य लेखापरीक्षकले गर्नु पर्ने सम्पूर्ण कार्यहरु गर्नको लागि सम्बन्धित फर्महरुले प्रस्ताव गरेबमोजिमको लेखापरीक्षण शुल्क प्रदान गर्ने गरी बैंकको बाह्य लेखापरीक्षक नियुक्ती गर्न लेखापरीक्षण समितिको तर्फबाट लेखापरीक्षण समितिका संयोजक श्री मुकुन्द महतज्यूले पेश गर्नु भएको प्रस्ताव उपर सभामा विस्तृत छलफल भई उल्लेखित ३ वटा फर्महरुले प्रस्ताव गरेको पारिश्रमिक तथा बैंकिङ्ग क्षेत्रमा लेखापरीक्षण गरेको अनुभव, फर्ममा कार्यरत कर्मचारीहरुको संख्या, योग्यता र अनुभव आदी समेतको आधारमा उत्कृष्ट देखिएको SAR Associates लाई प्रस्ताव बमोजिम रु. २८,५०,०००/- (मुल्य अभिबृद्धि कर तथा अन्य खर्च बाहेक) पारिश्रमिक दिने गरी आर्थिक वर्ष २०८३/८४ को लागि बैंकको बाह्य लेखापरीक्षक नियुक्ती गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

५. प्रस्ताव नं. ५ बमोजिम सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ आषाढ मसान्तमा कायम रहेको बैंकको वितरणयोग्य मुनाफा रकमबाट बैंकका अग्राधिकार शेयरधनीहरुलाई अविमोच्य असञ्चिति अग्राधिकार शेयर पूँजी रु. ३,००,००,००,०००/- को ८.२५ प्रतिशतका दरले शेयर



Machhapuchchhre Bank Ltd. Head Office

बाँडफाँड भएको मितिबाट २०८३ आषाढ मसान्तसम्मको समानुपातिक रुपमा हुन आउने रकम रु. ७,४५,८९,०४१/- नगद लाभांश (कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

६. प्रस्ताव नं. ६ बमोजिम सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ आषाढ मसान्तमा कायम रहेको बैंकको वितरणयोग्य मुनाफा रकमबाट बैंकका साधारण शेयरधनीहरुलाई २०८३ आषाढ मसान्तमा कायम रहेको साधारण शेयर पूँजी रु. १२,०८,६२,११,५६४/- को ३ प्रतिशतका दरले हुन आउने रकम रु. ३६,२५,८६,३४७/- नगद लाभांश (बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।

७. प्रस्ताव नं. ७ बमोजिम मिति २०८२/११/०८ गते बसेको सञ्चालक समितिको ५४८ औं बैठकबाट कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंकको नियमावलीको अधिनमा रही बैंकमा रिक्त रहेको स्वतन्त्र सञ्चालक पदमा ४ (चार) वर्षका लागि श्री अर्जुन कुमार गौतमलाई नियुक्ती गरिएको व्यहोरा सम्बन्धमा जानकारी लिइएको ।

८. प्रस्ताव नं. ८ बमोजिम संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरु र सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको (बाँकी कार्यकालको लागि) निर्वाचन गर्ने सम्बन्धमा बैंकको नियमावली तथा सञ्चालक निर्वाचन निर्देशिका २०७५, अनुसार सभालाई निर्वाचन कार्यक्रमको जानकारी गराउन तथा निर्णयार्थ सभामा पेश गर्न निर्वाचन अधिकृत श्री प्रभात भण्डारीलाई सभापतीज्यूले अनुरोध गर्नुभयो ।

निर्वाचन अधिकृतज्यूले निर्वाचनमा अपनाइएका प्रक्रिया तथा समय तालिका बारे विस्तृत जानकारी गराउँदै तोकिएको समयसिमाभित्र निम्नवमोजिम ४ (चार) जना उम्मेदवारहरुले मनोनयन पत्र दाखिला गराउनु भएको जानकारी गराउनु भयो ।

| क्र.सं. | उम्मेदवारहरुको नाम, थर | समूह | हितग्राही खाता नं (डिम्याट नं.) |
|---|---|---|---|
| १. | श्री रोशन के.सी. | संस्थापक | १३०१५०००००१४९८५ |
| २. | श्री मुकुन्द महत (सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको प्रतिनिधि) | संस्थापक | १३०११८००००२२१७४१ |
| ३. | श्री कृति महतो (राम जानकी ईन्भेष्टमेन्ट एण्ड पेट्रोलियम सप्लायर्स प्राइभेट लिमिटेडको प्रतिनिधि) | संस्थापक | १३०१६१००००१४१५८५ |
| ४. | श्री विश्व प्रकाश गौतम | सर्वसाधारण | १३०१३००००००४३८१९ |

संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा जति पद संख्यामा निर्वाचन हुनु पर्ने हो, त्यति नै संख्याको मात्र उम्मेदवारी कायम रहन गएको हुँदा ३ (तीन) जना उम्मेदवारहरु (१) श्री रोशन के.सी., (२) श्री मकुन्द महत (सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको प्रतिनिधि) र (३) श्री कृति



Machhapuchchhre Bank Ltd. Head Office

महतो (राम जानकी ईन्भेष्टमेन्ट एण्ड पेट्रोलियम सप्लायर्स प्राइभेट लिमिटेडको प्रतिनिधि) संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट चार वर्ष कार्यकालको लागि सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा निर्वाचन अधिकृतले गर्नु भयो र सोलाई सभाले सर्वसम्मतिबाट पारित गऱ्यो । साथै, सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा जति पद संख्यामा निर्वाचन हुनु पर्ने हो, त्यति नै संख्याको मात्र उम्मेदवारी कायम रहन गएको हुँदा १ (एक) जना उम्मेदवार श्री विश्व प्रकाश गौतम सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट दुई वर्ष कार्यकाल (निवर्तमान सञ्चालकको बाँकी कार्यकाल) को लागि सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा निर्वाचन अधिकृतले गर्नु भयो र सोलाई सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**(ख) विशेष प्रस्ताव :**

१. विशेष प्रस्ताव नं. १ बमोजिम सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०८३ आषाढ मसान्तमा कायम रहेको बैंकको वितरणयोग्य मुनाफा तथा शेयर प्रिमियम हिसाबमा रहेको रकमबाट बैंकका साधारण शेयरधनीहरुलाई २०८३ आषाढ मसान्तमा कायम रहेको साधारण शेयर पूँजी रु. १२,०८,६२,११,५६४/- को ३ प्रतिशतका दरले हुन आउने रकम रु. ३६,२५,८६,३४७/- बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा सोही हदसम्म बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्न प्रबन्धपत्रको सम्बन्धित दफाहरु देहायबमोजिम संशोधन गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**बैंकको प्रबन्धपत्रको दफा ५ (क), ५ (ख) र ५ (ग) मा संशोधन**

दफा ५ (क) : बैंकको पूँजीको संरचना

बैंकको अधिकृत पूँजी रू. २०,००,००,००,०००/- (अक्षरेपी बीस अर्ब मात्र) हुनेछ । सो पूँजीलाई रु. १००/- दरका १७,००,००,००० (सत्र करोड) कित्ता साधारण शेयर र रु. १०० दरका ३,००,००,००० (तीन करोड) कित्ता अग्राधिकार सेयरमा विभाजित गरिएको छ ।

दफा ५ (ख) : बैंकको पूँजीको संरचना

बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्युनतम रू. १५,४४,८७,९७,९११/– (अक्षरेपी पन्ध्र अर्ब चौवालिस करोड सतासी लाख सन्तानब्बे हजार नौ सय एघार मात्र) हुनेछ । सो पूँजीलाई रु. १००/- दरका १२,४४,८७,९७९ (बाह्र करोड चौवालिस लाख सतासी हजार नौ सय उनान्असी) कित्ता साधारण शेयर र रू. १००/- दरका ३,००,००,००० (तीन करोड) कित्ता अग्राधिकार शेयरमा विभाजित गरिएको छ ।

दफा ५ (ग) : बैंकको पूँजीको संरचना

बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रू. १५,४४,८७,९७,९११/– (अक्षरेपी पन्ध्र अर्ब चौवालिस करोड सतासी लाख सन्तानब्बे हजार नौ सय एघार मात्र) हुनेछ । सो पूँजीलाई रु. १००/- दरका १२,४४,८७,९७९ (बाह्र करोड चौवालिस लाख सतासी हजार नौ सय उनान्असी) कित्ता साधारण शेयर र रु. १००/- दरका ३,००,००,००० (तीन करोड) कित्ता अग्राधिकार शेयरमा विभाजित गरिएको छ ।



Machhapuchchhre Bank Ltd. Head Office

२. विशेष प्रस्ताव नं. २ बमोजिम सञ्चालक समितिको बैठक सम्बन्धी बैंकको नियमावलीको नियम १०(७) र १०(८) मा देहायबमोजिम संशोधन गर्ने, साथै सञ्चालकहरुको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी नियम २९(१)(ग)(अ)(ङ), २९(१)(ङ) र २९(१)(च) का विद्यमान व्यवस्थाहरु हटाइयोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

**बैंकको नियमावलीको नियम १०(७), १०(८), २९(१)(ग)(अ)(ङ),२९(१)(ङ), र २९(१)(च) मा संशोधन**

नियम १०(७) : सञ्चालक समितिको बैठक

बैठक बस्ने समय, मिति, स्थान, छलफलमा पेश गरिने विषय सूची समेत खुलाई बैठक बोलाउने पदाधिकारीले बैठक हुनु भन्दा कम्तिमा २४ घण्टा अगावै सञ्चालकहरुलाई सूचना पठाउनु पर्नेछ र यस्तो सूचना फ्याक्स वा ईमेल मार्फत पनि पठाउन सकिने छ । यसरी बोलाइएको बैठकमा विषय सूचीमा नपरेका विषयहरुमा पनि अध्यक्षले अनुमति दिएमा छलफल गर्न सकिनेछ ।

नियम १०(८) : सञ्चालक समितिको बैठक

उप नियम (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै आकस्मिक विषयमा सञ्चालक समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षको आदेश वा स्वीकृतिले अल्प सूचनाको आधारमा पनि सञ्चालक समितिको बैठक बोलाउन सकिने छ ।

नियम २९(१)(ग)(अ)(ङ) : सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था

हटाइएको ।

नियम २९(१)(ङ) : सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था

हटाइएको ।

नियम २९(१)(च) : सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था

हटाइएको ।

३. विशेष प्रस्ताव नं. ३ बमोजिम विशेष प्रस्ताव अनुसार प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन उपर नियमनकारी निकाय वा कार्यालयबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न स्वीकृत गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नुभएको प्रस्ताव सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।

ग. **विविध :**

विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।

## १२. सभापतिज्यूबाट प्रस्तावहरु पारित भएको घोषणा र सभाको विसर्जन :

सभाको अन्त्यमा सभापतिज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्नु भयो ।



Machhapuchchhre Bank Ltd. Head Office

शेयरधनी महानुभावहरुले समय समयमा प्रदान गर्दै आउनु भएका रचनात्मक एवं मूल्यवान सल्लाह सुझावले हामीलाई नीति निर्धारण गर्न तथा बैंकको कृयाकलापलाई नयाँ दिशा एवम् गति दिनमा महत्वपूर्ण मार्गदर्शन प्राप्त हुँदै आएको विचार व्यक्त गर्नुभयो । बैंकको भविष्य शुनिश्चित र उज्जवल रहेको उल्लेख गर्दै आगामी दिनहरूमा समेत बैंकको वित्तीय कार्यसम्पादनलाई थप सुदृढ बनाउँदै शेयरधनीहरूलाई उचित प्रतिफल प्रदान गर्न सक्षम रहने विश्वास दिलाउनु भयो ।

सभाको अन्त्यमा अध्यक्षज्यूले सभामा सहभागी हुनुभई आफ्नो रचनात्मक एवं अमूल्य राय, सल्लाह, सुझावसहितको मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरी दिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाभावको उच्च प्रशंसा गर्दै आजको यो अट्ठाइसौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

सुभाष जमरकटेल
कम्पनी सचिव

Machhapuchchhre Bank Ltd. Head Office

रोशन के.सी.
सभाका सभापति/अध्यक्ष